## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२४/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भए बमोजिम् कानेपोखरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण निर्धारण समितिको मिति २०७९।१२।१३ गतेको निर्णय बमोजिम चालु आर्थिक वर्ष २०७९।०८० को कानेपोखरी गाउँपालिकाको कुल आय र व्यय अनुमान (नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त/समपूरक/विशेष अनुदान बाहेक) मा देहाय बमोजिम संशोधन गर्ने भनी गरिएको निर्णय यस बैठकमा जानकारी भयो र उक्त संशोधित आय र व्यय अनुमानलाई अनुमोदन गर्दै यही मिति २०८० साल वैशाख १० गते बस्ने कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभाको दोस्रो बैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

**कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को अनुमानित र संशोधित कुल आय अनुमानः (नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त/समपूरक/विशेष अनुदान बाहेक)**

| सि. नं. | आय शीर्षक | १२ औं गाउँ सभाद्वारा स्वीकृत अनुमानित रकम (रु. हजारमा) | १३ औं गाउँ सभाका लागि संशोधित रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १. | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | १४५७००.० | १४५७००.० | |
| २. | राजस्व बाँडफाँड (नेपाल सरकार) | ९८७३५.० | ९८७३५.० | |
| ३. | वित्तीय समानीकरण अनुदान प्रदेश सरकार) | ८०१५.० | ८०१५.० | |
| ४. | राजस्व बाँडफाँड (प्रदेश सरकार) | ५०३०.० | ५०३०.० | |
| ५. | रोयल्टी बाँडफाँड (नेपाल सरकार) | ५००.० | ५००.० | |
| ६. | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १५०००.० | १५०००.० | |
| ७. | दहत्तर बहत्तर बाँडफाँड (प्रदेश सरकार) | १००००.० | १००००.० | |
| ८. | अल्या भुक्तानी गर्नुपर्ने आयोजना तथा कार्यक्रमको रकम | ६७४१०.० | ०.० | |
| ९. | जिससबाट प्राप्त हुने आय | ०.० | ५०००.० | |
| १०. | आन्तरिक आय | ९४९६.० | १६०००.० | |
| ११. | बैंक मौज्दात (गत/विगत आर्थिक वर्षदेखि नेपाल सरकार र प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रकम बैंक मौज्दातमै रहन गएको देखिएकाले बढी देखिन गएको) | २९४९६.० | १५५६५६.० | |
| | **जम्मा आय अनुमान** | **३८९३८२** | **४५९६३६** | |

**मिति २०८०।०१।०७ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२४/२०७९/०८०

कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को अनुमानित र संशोधित कुल व्यय अनुमानः
(नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त/समपूरक/विशेष अनुदान बाहेक)

| सि. नं. | व्यय शीर्षक | १२ औं गाउँ सभाद्वारा स्वीकृत अनुमानित रकम (रु. हजारमा) | १३ औं गाउँ सभाका लागि संशोधित रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका चालु खर्च | ७४२०० | १२३८५० | |
| २. | आर्थिक विकास तर्फ | ३११५० | ३४४०० | |
| ३. | सामाजिक विकास तर्फ | ७०९७६ | ७६४७६ | |
| ४. | पुर्वाधार विकास तर्फ | १३०९०० | १४१२९५ | |
| ५. | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | १६७०० | २४५५५ | |
| ६. | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | १२१०० | १४६५० | |
| ७. | अल्या खर्च | ६७४०० | ० | |
| ८. | वडागत सिलिङ (७ वटै वडा) | ४३८६० | ४४४१० | |
| | जम्मा व्यय अनुमान | ४४७२८६ | ४५९६३६ | |

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले उपलब्ध गराएको संशोधित आय र व्यय अनुमान (नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध हुने सशर्त/समपूरक/विशेष अनुदान बाहेक) को सिलिङभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा व्यवस्था भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८०।०१।०७ गतेको बैठकबाट अन्तिम निर्णय भई गाउँपालिकाका अध्यक्षज्यू समक्ष पेश गरेको कानेपोखरी गाउँपालिकाको विनियोजन ऐन. २०७९ उपर पहिलो संशोधन गर्ने विधेयक, २०८० उपर यस बैठकमा दफावार छलफल भयो र, उक्त विधेयक यही मिति २०८० साल बैशाख १० गते बस्ने कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभाको दोस्रो बैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको चलानी नम्बर ७१८, मिति २०७९।१२।१४ को पत्रद्वारा आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि प्रदेश समपूरक अनुदान मार्फत् स्थानीय तहमा सञ्चालन गरिने योजना माग सम्बन्धी सूचनाका विषयमा यस बैठकमा जानकारी भयो। सो सम्बन्धमा कान्नेपोखरी गाउँपालिका, २ नं. वडा, केरौनको प्रधानटोलमा अवस्थित गाउँपालिकाको स्वामित्वमा रहेको एक विगाहा जग्गामा रु. १,९७,५९,२९३।८० (अक्षरुपी एक करोड सन्तानब्बे लाख उनन्साठ्ठी हजार दुई सय त्रियानब्बे रुपैंया पैसा असी मात्र) लागत अनुमान बराबरको **घरवारविहिन विपन्न परिवारका लागि सामुहिक आवास निर्माण आयोजना** माग गर्ने र उक्त



CamScanner

आयोजनामा कोशी प्रदेश सरकारको **समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०७९)** ले व्यवस्था गरे बमोजिम गाउँपालिकाले व्योहोर्नु पर्ने न्युनतम लागत साझेदारी (आयोजनाको लागत अनुमानको पैंतीस प्रतिशत) समेत व्योहोर्ने प्रतिवद्वता व्यक्त गर्दै आयोजना माग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट निर्देश भए बमोजिम गाउँपालिका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको कानेपोखरी गाउँपालिकाको शिक्षा विधेयक, २०८० मिति २०८० साल बैशाख १० गते बस्ने कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको दोस्रो बैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट निर्देश भए बमोजिम गाउँपालिका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको कानेपोखरी गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी विधेयक, २०८० मिति २०८० साल बैशाख १० गते बस्ने कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको दोस्रो बैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा मोरङ जिल्ला प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत पर्ने कानेपोखरी गाउँपालिकाको १, २ र ३ नं. वडाका फुसको छाना भएका घर परिवारहरुको वडा कार्यालयबाट सिफारिस भए बमोजिमको नामावली सुरक्षित नागरिक आवास कार्यक्रममा छनोट गर्नका लागि शहरी विकास तथा तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, विराटनगरमा पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू भए पश्चात् नक्सापास नगरी निर्माण भएका भवनहरुको अभिलेख प्रयोजनका लागि नक्सापास नियमित गर्ने प्रयोजनका लागि कार्यालयबाट सूचना प्रकाशन भएकोमा सूचना बमोजिम तोकिएको समयमा सबै वडा कार्यालयमा आवेदन परेका सबै घरधनीहरुको नामावली स्वीकृतीका लागि यही मिति २०८० साल बैशाख १० गते बस्ने कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको दोस्रो बैठकमा प्रस्ताव लैजाने निर्णय सर्वसम्मतीले पारित गरियों।

**निर्णय नं. (८)**

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२४/२०७९/०८०

प्रस्ताव नं. (८) माथि छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७९।०८० मा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणका लागि सशर्त अनुदान मार्फत् बजेट प्राप्त हुन आएकोमा उक्त बजेटबाट ३ नं. वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण (आधारभूत स्वास्थ्य सेवा केन्द्रको डिजाइनलाई यथावत् राखी सोही डिजाइनमा भएका कोठाका साइज बढाउने, भर्याङ थप गर्ने र घेराबारा समेत गर्ने) प्रकृया अघि बढाउने र गत विगत आर्थिक वर्षमा उल्लिखित सशर्त अनुदानको रकम प्राप्त नहुँदा गाउँपालिकाको स्रोतबाट भुक्तानी गरिएको रकम सोधभर्ना समेत मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा आर्थिक वर्ष २०७७।०७८ मा कानेपोखरी गाउँपालिका, ५ नं. वडामा भएको जग्गा खरिदका सम्बन्धमा श्री महालेखापरीक्षकको कार्यालयबाट गरिएको अन्तिम लेखापरीक्षण प्रतिवेदन (प्रारम्भिक) ले औंल्याएको विषय जानकारीका लागि सभा समक्ष पेश गर्ने र आर्थिक वर्ष २०७८।०७९ को अन्तिम लेखापरीक्षण प्रतिवेदन (प्रारम्भिक) ले नियमित गर्नुपर्ने भनी औंल्याएको बेरुजुहरु नियमित गरी बेरुजुको लगतबाट हटाई दिने अनुरोध सहित श्री महालेखापरीक्षकको कार्यालयमा लेखी पठाउनका लागि मिति २०८० साल बैशाख १० गते बस्ने कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनमा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| बेरुजु दफा | बेरुजु शीर्षक | बेरुजु अंक | बेरुजुको प्रकृति |
|---|---|---|---|
| ५ | घटी जिम्मेवारी सारेको | १,४५,२८,६५७।०० | प्रमाण कागजातसाथ नियमित गर्नुपर्ने |
| ३८ | अन्य निकायको खर्च (इन्धन प्रहरी) | ६,७३,३९७।०० | नियमित गर्नुपर्ने |
| ४७ | समानीकरण अनुदानबाट निजी शिक्षकलाई तलबभत्ता भुक्तानी | १३,८०,०००।०० | नियमित गर्नुपर्ने |
| ५० | रमाइलो बहुमुखी क्याम्पसलाई अनुदान | ८,००,०००।०० | नियमिति गर्नुपर्ने |
| ५१ | कानून नबनाई तोकादेशमा छात्रवृत्ति वितरण | १,२१,३५०।०० | नियमित गर्नुपर्ने |
| ५३ | माध्यमिक सहायक कर्मचारीलाई थप पारिश्रमिक भुक्तानी (२ हजार बढी) | २,०८,०००।०० | नियमित गर्नुपर्ने |
| ५९ | हेफर नेपाल परियोजना | ३०,१२,४१५।०० | नियमित गर्नुपर्ने |
| ६० | श्रम ऐनले तोकेभन्दा बढी तलब भुक्तानी (नर्वदा मगर) | ६५,०००।०० | नियमित गर्नुपर्ने |
| ७० | ५० प्रतिशत अनुदानमा धानको बीउ वितरण गर्नुपर्नेमा १०० प्रतिशत अनुदान दिएको (६ नं. वडा) | ६५,०००।०० | नियमित गर्नुपर्ने |
| ७१ | सूचना प्रकाशन नगरी कृषि अनुदान वितरण (पराजुली कृषि फर्म) | ५०,०००।०० | नियमित गर्नुपर्ने |



राजमती इङ्नाम
अध्यक्ष

CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२४/२०७९/०८०

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको १२ औं गाउँ सभाद्वारा पारित नीति तथा कार्यक्रम र बजेटमा कानेपोखरी गाउँपालिकाको प्रशासनिक भवन निर्माण आयोजनाका लागि रकम बिनियोजन भएको छ। उक्त प्रशासनिक भवन निर्माण गर्ने सम्बन्धमा यही मिति २०८० साल बैशाख १० गते बस्ने कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको दोस्रो बैठकमा प्रस्ताव लैजाने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (११)**

प्रस्ताव नं. (११) माथि छलफल गर्दा ६ नं. वडा कार्यालय प्रवेशद्वारका लागि वडा कार्यालय दक्षिण तथा गाउँ कार्यपालिकाको कार्यालय भवन पूर्वपट्टिको गाउँपालिकाले निर्माण गरेको पुरानो संरचना तत्काल भत्काउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र ६ नं. वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१२)**

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा गत आर्थिक वर्षमा योजना सम्झौता भएका तर कार्यान्वयनमा नगएका आयोजना तथा कार्यक्रमहरुको विभिन्न उपभोक्ता समितिले लागत सहभागिता बापत् जम्मा गरेको धरौटी रकम सम्बन्धित वडाको सिफारिस र योजना तथा अनुगमन शाखाको अभिलेख समेत भिडान गरी सम्बन्धित उपभोक्ता समितिलाई नियमानुसार धरौटी फिर्ता गर्ने/गराउने व्यवस्था मिलाउन राजस्व तथा आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१३)**

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।१२।१३ गते बसेको बैठकको निर्णय नम्वर (९) बमोजिम श्री भिजन मेडिकोलाई उक्त मेडिकोसँगको सम्झौता भङ्ग गर्दा उक्त मेडिकोको मौज्दातमा रहेको औषधिको परिमाण, खरिद मूल्य, विक्री मूल्य, व्याच लगायतका विषय समावेश भएको मुचुल्का र मुचुल्का बमोजिम कुल परिमाणको औषधिको लागत मूल्य रु. १९,२१,२२७।०७ (उन्नाइस लाख एक्काइस हजार दुई सय सत्ताइस रुपैंया पैसा सात मात्र) को कम्तीमा पन्ध्र प्रतिशत घटाई श्री भिजन मेडिकोलाई भुक्तानी गर्न कानेपोखरी अस्पताल, बयरवनमा लेखी पठाइएकोमा पुनः कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट उक्त भिजन मेडिकोले उल्लिखित रकममा पन्ध्र प्रतिशत रकम घटाएर भुक्तानी नलिने तथा मुचुल्कामा उल्लिखित परिमाणको औषधि नै फिर्ता समेत उपलब्ध गराई दिनु हुन भनी आवेदन गरेको एवम् मुचुल्का उठाउँदाकै वखत् नियमानुसारको छुट घटाई मौज्दातमा रहेको औषधिको मूल्य कायम गरिएको भन्ने जानकारी समेत प्राप्त हुन



राजमती इङ्नाम
अध्यक्ष

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२४/२०७९/०८०

आएको हुँदा मुचुल्कामा उल्लिखित रकम नियमानुसार भुक्तानी गर्ने/गराउने व्यवस्था मिलाउन कानेपोखरी अस्पताल, बयरवनमा लेखी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१४)**

प्रस्ताव नं. (१४) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका ६ नं. वडाको कानेपोखरी ६क. नक्साभित्रका जग्गा नापजाँच सम्पन्न ६ जना लाभग्राही (कोपिला विश्वकर्मा, विष्णुमाया भुजेल, बलबहादुर विश्वकर्मा, जितबहादुर ठटाल, भक्तबहादुर विश्वकर्मा र डम्बर कुमारी आङ्देम्बे) हरुको राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङको प.सं. २०७९।०८०, च.नं. २०७९।१०।१३ गतेको सूचना एवम् भूमि सम्बन्धी नियमको (उन्नाइसौं संशोधन) समेतलाई आधार मानी उल्लिखित लाभग्राहीहरुका लागि निर्धारण भएको राजस्व रकमको २५ प्रतिशत लिई जग्गा उपलब्ध गराई दिने व्यवस्था सहित ६ नं. वडाबाट भए बमोजिमको सिफारिसनै श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, मोरङमा लेखी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

(विस्तृत विवरण ६ नं. वडाको सिफारिसमा संलग्न छ)

**निर्णय नं. (१५)**

प्रस्ताव नं. (१५) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०८।१७ गते बसेको बैठकको निर्णय नम्बर (१) बमोजिम गठित समितिले दिएको प्रतिवेदन सो समितिका संयोजक एवम् गाउँपालिकाका उपाध्यक्ष श्री भोलाप्रसाद अधिकारीज्यू मार्फत् यस बैठकमा जानकारी भयो। उक्त प्रतिवेदनले दिएको सम्पूर्ण विषयहरु अध्ययन र विश्लेषण गरी प्रतिवेदनले उठान गरेका सम्पूर्ण विषयहरु कार्यान्वयन प्रकृयामा लैजानका लागि **कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८** को नियम ४ बमोजिम गठित कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

**मिति २०८०।०१।०७ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

राजमती इङ्नाम
अध्यक्ष